Received Date: Dec.2024 Revised: Feb. 2025 Accepted: Jan. 2024

# प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचना


**दीपकप्रसाद गौतम, पिएचडी.**
उपप्राध्यापक, नेपाली विभाग
पाटन संयुक्त क्याम्पस, त्रि. वि.
dpgautam42@gmail.com
DOI: 10.3126/hj.v16i1.76379

**सार**

*प्रस्तुत लेखमा लीलबहादुर क्षत्रीद्वारा लेखिएको प्रतिध्वनिहरू विस्मृतिका उपन्यासलाई मूल आधार बनाएर भारतका आसाम, गोहाटी र सिलाङका विभिन्न भूभागमा बसोबास गर्ने नेपाली र नेपालीतर समाजका व्यक्तिका मनभित्र रहेका संवेदनालाई प्रमुख आधार बनाइएको छ । यसमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका निम्ति महत्त्वपूर्ण तत्त्व मानिएको अनुभूतिको संरचनाको मान्यतामा चर्चा गर्ने क्रममा कस्ता खाले भावनालाई मूर्त र अमूर्त वस्तु मान्ने बारे खोजी गरिएको छ । यस लेखमा भारतको गोहाटी र आसाममा बस्ने नेपाली र नेपालीतर समाजमा बस्ने व्यक्तिका मनभित्र अनुभूतिको संरचना के कस्ता रहेका छन् तथा उनीहरूको सामाजिक, आर्थिक र मनोवैज्ञानिक भावनालाई किन र कुन तरिकाले अनुभूतिको संरचना रूपमा लिइएको छ भन्ने साहित्यको समाजशास्त्रीय मूल्य र मान्यताका रूपमा देखाउने कार्यलाई समस्याकथन मानिएको छ । तिनै समस्यालाई निराकरण गनुपर्ने कार्यलाई यसको उद्देश्यकथन मानिएको छ । उक्त सन्दर्भमा सोधखोज र व्याख्या विश्लेषण पद्धतिका साथै सत्यापन र अर्थापन विधिलाई उल्लेख गरिएको छ । प्रस्तुत लेखमा अगष्ट कोम्ते र अल्भिन डब्लु गोल्डनरलगायत आदि समाजशास्त्रीले उल्लेख गरेका साहित्यको समाजशास्त्र अन्तर्गतको सिद्धान्तलाई अनुभूतिको संरचनामा माध्यमबाट उल्लेख गरिएको छ । प्रस्तुत लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा भारतको आसाम र गोहाटी क्षेत्रमा बसोबास गर्ने नेपाली र नेपालीतर जातिका आवेश, संवेग, यौन तथा कुण्ठाको चिरफार गर्ने कार्यलाई मुख्य छलफलको विषय मानिएको छ । त्यस समाजमा बसोबास गर्ने विभिन्न जातिका मान्छेले मान्ने चाडपर्व, रीतिरिवाज, संस्कृति, भेषाभूषा, लबाइखवाइ, पेसा, व्यवसाय र कला आदिले प्रभाव पारेका क्रियाकलापलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका अनुभूतिको संरचनाको खोजी गरेर अध्ययन गर्ने कार्यलाई उक्त उपन्यासको निचोडका रूपमा देखाइएको छ । यस उपन्यासमा उल्लेख भएका पात्रसँग जोडिएर आएका गतिविधिलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा अनुभूतिको संरचनाका माध्यमबाट उल्लेख गरिएको छ ।*

*शब्दकुञ्जी* : अनुभूति, प्रतिध्वनि, विस्मृतिका, समाजशास्त्रीय सिद्धान्त, सामाजिक सम्बन्ध ।

लीलबहादुर क्षेत्री (क्षत्री) को जन्म वि.सं.१९८९ फागुन १८ गते हालको भारतको आसाम राज्यमा पर्ने गुवाहाटी (गोहाटी) मा भएको हो । साहित्यका विविध विधामा कलम चलाउने क्षत्रीको मुख्य क्षेत्र भनेको उपन्यास विधा हो र उनले यस विधामा ख्याति प्राप्त गरेका छन् । उनले *प्रतिध्वनिहरू विस्मृतिका* वि.सं.२०६१ सालमा प्रकाशित गरिएको उपन्यास हो । प्रस्तुत लेखमा लीलबहादुर क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचना*का बारेमा अध्ययन गरिएकाले उनका उपन्यासमा समाजलाई




साहित्यको समाजशास्त्रीय सिद्धान्तको माध्यमबाट अनुभूतिको संरचनाका मान्यताका रूपमा उल्लेख गरिएको छ। यसरी यस लेखमा समाज र साहित्यको समाजशास्त्रीय सिद्धान्तको अनुभूतिको संरचनाका आधारमा उल्लेख गरिएकोले समाजबीच घनिष्ठ सम्बन्ध भएको कुरालाई अध्ययन गरिएको छ । उपन्यासकार लीलबहादुर क्षत्रीका उपन्यासमा उल्लेखअनुसार उनको जन्मभूमि एवम् कर्मभूमि आसाम हो । क्षत्रीले आफू बाँचेको युग, परिवेश र जीवन भोगाइका महत्त्वपूर्ण गतिविधिलाई उक्त समाजमा बस्ने पात्रमा सिर्जित भएका क्रियाकलापहरू चर्चा गरेका छन् । त्यसपछि यिनै कुरालाई आधार बनाएर प्रस्तुत लेखमा उक्त उपन्यासमा उल्लेख भएको नेपाली एवम् नेपालीतर समाजलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा अनुभूतिको संरचनाका रूपमा विश्लेषण गरिएको छ। उनको यस उपन्यासमा पाइने समाजभित्रका यथार्थ चित्रलाई समीक्षा गर्नु र त्यससँग सम्बन्धित सैद्धान्तिक पक्षको निरूपण गर्नु प्रस्तुत लेखको अर्को महत्त्वपूर्ण पक्ष मानिएको छ। यस लेखमा क्षत्रीको उपन्यासमा समाविष्ट पात्रका मानसिक सोच, शैक्षिक र आर्थिक स्तरलाई आधार बनाई उनको कृतिसँग मिल्न सक्ने समाजलाई अनुभूतिको संरचनाको माध्यमबाट खोजी गरिएको छ। समाजलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको लागि आवश्यक पर्ने अनुभूतिको संरचनासम्बन्धी तत्त्वको खोजी गर्ने कार्यमा जोड दिइएको छ। अनुभूतिको संरचना भनेको मानवको समाजसँगको सम्बन्धबारे अध्ययन गर्ने विधि भएकाले त्यसैअनुसार यस शीर्षकको लेखमा समाजशास्त्रसँग साहित्यको र साहित्यसँग समाजको दोहोरो सम्बन्धका आधारमा अध्ययन गरिएको छ । यस प्रकारको अध्ययन अन्य कुनै विद्वान तथा समालोचकले नगरेकाले उक्त विषयमा व्यक्त भएको समाजलाई यस लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारभूत तत्वका रूपमा अध्ययन गरेर देखाइएको छ।

प्रस्तुत उपन्यासमा भारतको गोहाटी र आसाममा बस्ने नेपाली र नेपालीतर समाजमा बस्ने व्यक्तिका मनभित्र अनुभूतिको संरचना के कस्ता रहेका छन् तथा उनीहरूको सामाजिक, आर्थिक र मनोवैज्ञानिक भावनालाई किन र कुन तरिकाले अनुभूतिको संरचना रूपमा लिइएको छ भन्ने कुरालाई साहित्यको समाजशास्त्रीय मूल्य र मान्यताका रूपमा देखाउने कार्यलाई समस्याकथन मानिएको छ । अनुभूतिको संरचनाका बारेमा विश्लेषण गर्ने कार्यलाई उद्देश्यकथनका रूपमा लिइएको छ । यस उपन्यासमा अगष्ट कोम्ते, अल्भिन डब्लु गोल्डनर, रिचर्ड जर्ज, जोनाथन एच्. टर्नर, डेबिड डिचेस, केन्थ थोमसन, इमाइल दुर्खिम, केन ब्राउन, जोन वटसन, रेमन्ड विलियम, म्याक्स बेबर, अजितकुमार सिन्हा, रिचार्ड टी. स्केफर, माइकल हरालम्बस र रबिन हेल्ड आदि समाजशास्त्रीले उल्लेख गरेका साहित्यको समाजशास्त्र अन्तर्गतको सिद्धान्तलाई अनुभूतिको संरचनामा माध्यमबाट उल्लेख गरिएको छ। उक्त कार्यलाई यसभन्दा अगाडिका कुनै विद्वान् तथा समालोचकले उल्लेख नगरेकाले यस अवस्था रिक्त किसिमको देखिन्छ । यस लेखको सीमा भनेको क्षत्रीको यस उपन्यासलाई समाजशास्त्रीय मान्यतामा आधारित रहेको अनुभूतिको संरचनाका रूपमा अध्ययन गर्ने कार्यलाई उल्लेख गर्नु हो । उक्त लेखको औचित्य र महत्त्व भारतको आसाम र गोहाटी क्षेत्रको आसपासमा बसोबास गर्ने नेपाली र नेपालीतर

समाजका जन्मदेखि मृत्युपर्यन्तका यौन, कुण्ठा, आवेश, संवेग, दया, माया आदि क्रियाकलापमा केन्द्रित रहेको देखिन्छ । यसैले यी विषयवस्तुमा आधारित भएर प्रमाणित तथा वस्तुपरक निष्कर्ष निकाल्ने कार्यलाई यस अध्ययनको मूल लक्ष्य मानिएको छ ।

## विधि

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय कार्यमा आधारित रहेर सामग्रीको सङ्कलन गरिएको छ । यस लेखमा क्षेत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासलाई प्राथमिक सामग्री मानिएको छ । त्यस्तै लीलबहादुर क्षत्रीका बारेमा यसभन्दा पहिलेका शोधकर्ताले प्रस्तुत गरेका सिद्धान्त तथा अनुभूतिको संरचनासँग मिल्ने सामग्रीलाई द्वितीय सामग्रीको आधार बनाइएको छ । यसका साथै प्रस्तुत लेखमा क्षत्रीका आफन्त, समकालीन साथी, विद्वान् तथा समीक्षकसँग सोधपुछ सामग्री सङ्कलन गरिएको छ । यस्ता सामग्रीलाई आवश्यकता र औचित्यका आधारमा द्वितीय सामग्रीअन्तर्गत राखिएको छ । साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा आवश्यक पर्ने अनुभूतिको संरचनासम्बन्धी सिद्धान्तलाई प्रस्तुत लेखको सामग्री विश्लेषण विधि मानिएको छ । यसै सिद्धान्तका आधारमा सङ्कलन गरिएका सामग्रीलाई अनुभूतिको संरचनासम्बन्धी मूल्य र मान्यताका आधारमा विश्लेषण गर्दा वर्णनात्मक, व्याख्यान, खोज विधिका साथै सत्यापन र अर्थापन विधिलाई मुख्य आधार बनाइएको छ ।

## अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार

हामीले देखेका कुरालाई व्याख्या गर्ने सङ्गठन र प्रतिवाद गर्ने आवश्यक तत्वलाई स्थापना गर्ने काम वास्तविक रूपमा सामाजिक जीवनपद्धतिका विचार एवम् भावनाबाट प्रकट हुन्छन् । तर यिनै कुराले हाम्रा निश्चित अनुभवलाई कुनै निश्चित समयमा दबाव दिन एवम् व्याख्या गर्ने क्रममा मार्ग निर्देशकको रूपमा काम गर्छन् । धेरै कठोर विवादका बीचमा वादविवादद्वारा वर्णन गर्ने एवम् गहिराइमा पुगेर तिनका धारणा व्यक्त गर्ने काम संवेदनाबाट प्रकट हुन्छन् (विलियम्स, ई.१९६१) ।

रेमण्ड विलियम्सले साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा रहेको अनुभूतिको संरचनाको व्याख्या विश्लेषण गरेका छन् । उक्त क्रममा उनले कुनै पनि समाजमा बस्ने व्यक्तिका मनभित्रका अनुभूति पींढिगत संस्कृति, प्रभुत्व तथा तनाबका कारण उत्पन्न हुने धारणालाई अगाडि सारेका छन् । उनले एक पुस्ताबाट अर्को पुस्तामा सर्दै गएका अनुभूतिलाई पींढिगत संस्कृतिबाट उत्पन्न भएका अनुभूति मानेका छन् । त्यस्तै कुनै पनि समाजमा बस्ने व्यक्तिका मनभित्रबाट प्रकट हुने शान, रबाफ, घमण्ड र हैकमवादी प्रवृत्तिलाई प्रभुत्वका कारण उत्पन्न भएका अनुभूति भनिन्छ । प्रभुत्वका कारण उत्पन्न भएका अनुभूति सामन्ती सोच र उग्रवादी विचारलाई निम्त्याउने गर्छ । यसैगरी उनले कुनै पनि समाजका सदस्यलाई पींढिगत संस्कृति र प्रभुत्वका कारण उत्पन्न हुने नकारात्मक किसिमका धारणाले असर गर्न थालेपछि मात्र तनाबका कारण उत्पन्न हुने अनुभूति देखापर्ने कुरा बताएका छन् । तनाबका कारण उत्पन्न हुने अनुभूतिले कुनै समाजमा बस्ने व्यक्तिका मनभित्र शोक, चिन्ता, दुःखकष्ट, नैराश्य र ग्लानि आदिलाई निम्त्याउने गर्छ ।

रेमण्ड विलियम्सले उल्लेख गरेको अनुभूतिको संरचनाका बारेमा अझ स्पष्ट र व्यवहारिक तरिकाले व्याख्या विश्लेषण गर्ने विद्वान् मैनेजर पाण्डे हुन् । उनले *साहित्य के समाजशास्त्र की भूमिका* भन्ने पुस्तकको पृष्ठ सङ्ख्या १६० देखि २०१ सम्म *अनुभूति की संरचनाएं* उपशीर्षक दिएर उक्त सिद्धान्तका बारेमा चर्चा गरेका छन् । विलियम्सका दृष्टिमा समाज र संस्कृतिको जीवन्त र सृर्जनात्मक

सम्बन्धको व्याख्या गर्न मद्दत गर्ने मुख्य धारणालाई अनुभूतिको संरचना मानिएको छ । अनुभूति भनेको केवल भिन्न तत्वको संरचना मात्र नभएर ती तत्वलाई एकीकृत गर्नसक्ने कला पनि हो (पाण्डेय, ई.२००६) ।

अनुभूतिको संरचनाले वैयक्तिकताका साथै सामाजिकतासँग पनि सङ्केत गर्नुका साथै सामाजिक स्तरमा उत्पन्न हुने स्थिरताको अनुभूतिमा जोड दिन्छ । जुन अन्य विचार धाराबाट निर्माण भएको हुँदैन । ( पाण्डेय, ई. २००६) । उनले संवेदनशीलताको धारणाबाट व्यक्तिले गहिरो अनुभव गर्ने क्षमता र चेतनाको आधार निर्माण गर्न सकिने विचारलाई स्वीकारेको पाइन्छ (पाण्डेय, ई.२००६) ।

पाण्डेले जीवन र अनुभवलाई सार्थक वस्तु मानेका छन् । विलियम्सको विचारमा सामाजिक प्रक्रियाले संरचनाका माध्यमबाट कला र साहित्यलाई एक आपसमा जोड्छ, जसलाई वास्तविक सामाजिक संरचनाको परिणाम मानिन्छ । उनका अनुसार वैचारिक व्यवस्था, सम्बन्ध तथा प्रतिक्रिया समाज र चेतनामा आधारित हुन्छन् । उक्त कारणले कुनै पनि समाज र साहित्यको सम्बन्धलाई प्रायःगरी रहस्यमय बनाइन्छ । (पाण्डेय, ई.२००६) ।

अनुभूति वा संवेदनाले कुनै समुदायमा रहेका विभिन्न व्यवहार तथा क्रियाकलापलाई निश्चित रूप दिने काम गर्छ । यसले समुदायका असाधारण रूपमा उपयोग हुने वस्तुलाई प्रकट गर्छ । यसले व्यवहारसम्बन्धी क्रियाकलापमार्फत विभिन्न खाले प्रथाको प्रतिनिधित्व गर्दछ (ब्राउन, ई.१९६४) । तिनकै माध्यमबाट कुनै समाजमा बस्ने व्यक्तिमा निहित नकारात्मक संवेदनाका लागि आवश्यक पर्ने कुराका बारेमा अवलोकन गरिन्छ । अनुभूतिको संरचनाबाट पनि नकारात्मक संवेदनामा देखिएका भिन्नतालाई सामाजिक प्रथाको रूपमा प्रयोग गर्ने काममा विभिन्न खाले विचार र अनुभवजस्ता कुराबाट उचित रूपमा लागु गरिन्छ ।

समाजशास्त्रको अध्ययन र अनुसन्धानमा अनुभूतिको संरचनाको बढी प्रयोग १९ औं शताब्दिमा युरोपमा हुन थालेको पाइन्छ । त्यतिबेला यसले राजनीति र अर्थशास्त्रमा देखिएका समस्यासम्बन्धी प्रयोगमा त्यसबेलाको समाजमा यसको प्रयोग गरिएको देखिन्छ । यसले विचारलाई रूपान्तरण गर्ने क्रममा क्रमिक रूपमा नयाँ विचारलाई प्रतिपादन गरेको पाइन्छ । यसको विकासमा कोम्ते, स्पेन्सर, म्याक्स वेबर, स्यामुयल र दुर्खिमजस्ता समाजशास्त्री विद्वान्ले अनुभूतिको संरचनामार्फत परम्परागत समाजको वर्गीकरण गरेको पाइन्छ (थमसन र अन्य, ई. १९७५) । अनुभूतिसम्बन्धी धारणामा अगष्ट कोम्तेले यसको प्रयोग कार्यक्रम एवम् समाजशास्त्रसम्बन्धी नयाँ समाजको विकास गर्ने क्रममा प्रयोग गरेको पाइन्छ । यही अनुभूतिको माध्यमबाट उनले समाजशास्त्रको उद्देश्य एवम् यससम्बन्धी सिद्धान्तको प्रतिपादन गरेको कुरा थमसनले उल्लेख गरेका छन् ।

मानवजीवन तथा आफ्नो मन एवम् आत्माका क्रियाकलापमा संस्कृति तथा आत्मविकासको स्रोतको रूपमा अनुभूतिको संरचनासम्बन्धी स्रोतलाई उपलब्ध गराइन्छ । विश्वका अधिकांश तथ्य हाम्रा लागि तबमात्र अन्धकारपूर्ण रहन्छन्, जब विज्ञान, कला, आलोचना तथा दर्शन र यसको व्याख्या हुँदैन । त्यसपछि पनि अन्धकारमय तथा निर्जीव वस्तुहरू रहन्छन् (सिन्हा र अन्य, ई.१९६३) । त्यसको वैयक्तिक प्रज्ञाद्वारा हृदयगम हुँदैन र त्यो फेरि आफ्नो प्रत्यक्ष अनुभूतिको एकरूपता हुँदैन । सिन्हाले यसलाई भावना एवम् संवेदनाको विषयका रूपमा चिनाएको देखिन्छ ।

मानव समुदायहरूले आफ्ना व्यवहारबाट सिकेको र तिनीहरू स्वयम्ले बुद्धिमता तरिकाले सिकेको कुरालाई अनुभूतिसम्बन्धी दृष्टिकोण भनिन्छ । तिनीहरूले आफ्ना स्वभाव र प्रवृत्तिलाई साधारण क्रियाकलापद्वारा व्यक्त गर्दछन् (हरालम्बोस र अन्य, ई.२००४) । धेरैजस्तो उस्तै खाले अनुभवका पदचिन्हबाट व्यक्त गरिएका विचारलाई एउटा एकाइमा लगेर विश्वासनीय बनाइन्छ । तर वास्तविक

रूपमा कतिपय टाढा समायोजन भएका छन् भन्ने कुरा तिनीहरूका विचार, भावना एवम् अनुभवका आधारमा थाहा पाउन सकिन्छ ।

अनुभूतिको फैलावटको बारेमा शिशुहरूको व्यवहार र बाहिरी उत्तेजनाको अवस्था तथा शिशुहरूको अनुभव गरी दुईवटा विचारलाई परिकल्पना गरिएको छ (वाटई., ई.१९५८) । अनुभूतिले नै व्यक्ति एवम् समाजमा आबद्ध रहेका एक वस्तुलाई अर्को वस्तुसँग जोडेर समानता र भिन्नता देखाउने कार्य गर्दछ ।

विशिष्ट मानिसको सफलता अनुभूतिको विवेकमा भर पर्छ । यसका विभिन्न कारणलाई मानवीय व्यवहारसँग जोडिन्छ । मानिस कहिले पनि आफ्नो बलियो र उत्तेजित वस्तुबाट उत्तेजित हुँदैन । मानिसलाई सक्षम र उत्तेजित बनाउनका लागि उनीहरूका अनुभव आफ्नै मस्तिष्कबाट पैदा हुनु पर्दछ ( कोम्ते, ई.२०००) । यदि मान्छेका उद्देश्य उनीहरूको समाजमा राम्रो भएमा उनीहरूले धेरैभन्दा धेरै असल शासनलाई निस्वार्थी र मपाईंत्व विहीन भावनाबाट उत्पन्न गराउँछन् (कोम्ते, ई.२०००) ।

अनुभूतिको संरचनाले साहित्यकारलाई समाजको द्रष्टा र उसको अभिव्यक्तिलाई स्रष्टाको रूपमा चिनाउने काम गर्दछ । साहित्यिक स्रष्टाले वस्तु तथा घटना हेर्नुका साथै त्यस घटनामा संवेदनशील भइ साहित्यको सिर्जना गर्ने क्षणलाई अनुभूतिको संरचनाको रूपमा लिने गर्छ । साहित्यकारलाई कुनै साहित्यिक कृति सिर्जना गर्न प्रभाव पार्ने ठाउँ समाज हो । त्यसैबाट प्रभावित भएर साहित्यकारले साहित्यिक कृतिको सिर्जना गर्दछन् । समाजबाट नै साहित्यकारले नयाँ खाले विषयवस्तुलाई आफ्ना साहित्यिक कृतिमा व्यक्त गर्दछन् । त्यस अवस्थामा उनीहरू समाजका विविध विषयवस्तुमा भावुक र संवेदनशील भइ विभिन्न कुराका बारेमा अनुभूति गर्दछन् (डिचेस, ई.१९८१) । त्यसपछि मात्र उनीहरूले आफूले कल्पना गरेका विभिन्न अनुभूतिजन्य अवस्थालाई संवेदनामार्फत जोडेर साहित्यिक कृति सिर्जना गर्ने स्वरूपको निर्धारण गर्दछन् । साहित्यकार आफ्नो ज्ञान वा भावनालाई मूर्त रूप दिन र विभिन्न खाले वस्तुको वर्णन गर्न पनि अनुभूतिकै रूपमा प्रतिबिम्ब हुनु पर्दछ ।

समाजशास्त्रमा व्यक्त अनुभूतिमा देखिएका समस्याहरूको चर्चा विभिन्न संवेदनाको मिसावटबाट गरिन्छ । अनुभूतिसम्बन्धी धारणा एक वस्तुबाट अर्को वस्तुमा हस्तान्तरण हुँदा विभिन्न किसिमका अनुभव पैदा हुन्छन् । अनुभूतिको छुट्टाछुट्टै विश्लेषण गर्न सकिँदैन । अनुभूतिको सीमालाई स्वच्छचारी दृष्टिकोणको रूपमा रहेका र यसमा आउने संवेदनाले छुट्टाछुट्टै रूपमा काम गर्छन् भन्ने कुरा दुविधापूर्ण रहेको देखिन्छ (टर्नर, ई.१९८७) । समाजशास्त्रीय दृष्टिकोणमा अनुभूतिको संरचनालाई कार्यात्मक सिद्धान्त, द्वन्द्वात्मक सिद्धान्त, परिवर्तनशील सिद्धान्त, अन्तर्सम्बन्धको सिद्धान्त एवम् संरचनात्मक सिद्धान्तले प्रभाव पार्दछ ( टर्नर, ई.१९८७) ।

अनुभूतिको संरचना, कार्यसम्बन्धी दृढता र स्वीकृतिहरू एकआपसमा सम्बन्धित हुन्छन् । समाजशास्त्रीले विश्वको सामाजिक धरातलमा लगातार रूपमा रहेर अनुभूतिको संरचनासम्बन्धी विवादका सङ्घर्षलाई ग्रहण गर्दा सामाजिक व्यवहारलाई उच्च किसिमको विवादको रूपमा बुझ्न वा त्यससम्बन्धी चिन्तनका बीचमा समूहका रूपमा प्रतिस्पर्धात्मक गराउँछन् (स्केफर, ई.१९८०) । तर त्यस्ता विवाद हिंसापूर्ण विवादका रूपमा आएका हुँदैनन् । तिनले संवेदनशील वार्तालाई राजनीतिक दल एवम् तिनीहरूका बीचमा प्रतिस्पर्धा गराएर धार्मिक समूहको रूपमा लिने गर्छन् । तिनले नयाँ सदस्य अथवा राज्यमा परस्पर रूपमा निहित रहेका सन्धीसम्झौतासम्बन्धी हिसाबकिताबको स्पष्टीकरण माग्ने कुरामा पनि अनुभूतिसम्बन्धी कुरालाई ग्रहण गरिरहेका हुन्छन् ।

अनुभूतिको संवेदनासम्बन्धी बाँकी रहेको भागबाट मानव अधिकारभित्रको सङ्घर्ष र युद्धसम्बन्धी वस्तुहरूको गतिविधिलाई पनि तीक्ष्ण रूपमा विभाजन गरिएको पाइन्छ (स्केफर, ई.१९८०) । हाम्रो सामाजिक विवादसम्बन्धी दृष्टिकोणका प्रवृतिमा देखापरेका प्रतिस्पर्धात्मक समूहका धारणालाई अनुभूतिसम्बन्धी संवेदनाबाट उजागर गरिन्छ । यसले तत्कालै समाजशास्त्रसम्बन्धी आचरणका कुरालाई बलियो चिन्तनका रूपमा स्वीकार गर्दछ । यसले समाजमा दृष्टिदर्शन नपुगेका कुरालाई अनुभूतिको संरचनामार्फत समाजमा भित्र्याउने नयाँ मार्गका रूपमा ढोकालाई खुला गर्दछ ।

संस्कृति र समाजका धारणा मानिसले नै सिर्जना गरेका वस्तु हुन् । तिनले समाजका विभिन्न खाले मूल्य र मान्यतालाई लागु गर्ने क्रममा विभिन्न खाले संवेदनालाई प्रकट गर्दछन् । समाज र संस्कृतिका धारणालाई सामाजिक विज्ञानका एकेडमीसम्बन्धी कार्यहरूमा प्रयोग गरिन्छ (गोल्डनर, ई.१९७१) । यसैले गर्दा मानिसहरूले आफ्ना अनुभूति वा संवेदनालाई आफ्नै समाजमा प्रकट गर्दछन् । त्यसपछि यसैको माध्यमबाट विभिन्न खाले मूल्य र मान्यताहरू एउटा खाले समाजको संस्कृतिबाट अर्को खाले समाजको संस्कृतिसँग संयोजन हुन्छन् । समाजशास्त्रका सिद्धान्तमा पनि यही प्रक्रियाअनुरूप अनुभूतिको संरचनासम्बन्धी धारणा प्रकट हुन्छन् ।

अनुभूतिको संरचनालाई मानव दर्शनसँग जोडेर हेरिन्छ । सत्य तथ्यसम्बन्धी मान्यतालाई कुनै व्यक्तिमा निहित रहेका सकारात्मक कुरा थाहा पाउने कडीका रूपमा लिइन्छ । यसैबाट हामीहरूले आफ्नो जीवनमा प्रयोग गर्ने उन्नतशील विषयलाई सतही रूपमा बुझ्दछौं । त्यसैले गर्दा यिनै सम्पूर्ण कुरालाई इतिहासबाट मात्र बुझ्न सकिँदैन (कोम्ते, ई.१९७१) । मानिसका बुद्धिमानपूर्ण अवस्थाको अध्ययन गर्दा पनि सम्पूर्ण कार्यका लागि धेरै समय लगाएर उनीहरूले पत्ता लगाएका कुरालाई थाहा पाउन आधारभूत कानूनको रूपमा अनुभूतिको संरचनाको प्रयोग गर्नु पर्दछ ।

भाइभतिजा, भाइबुहारी एवम् सासुहरूसँगै बस्ने र सँगै खाने गर्दा पनि तिनीहरू एकआपसमा संवेदनशील भई आफ्ना अनुभव एवम् विचारलाई एक आपसमा आदानप्रदान गरेको देखिन्छ (वेबर, ई.१९६६) । भोलि हाम्रो आफ्नै हृदयले चाहेका इच्छा र अभिलाषालाई हाम्रो रोजीरोटीको कमाइले गर्दा हाम्रो आफ्नै पारिवारिक जीवनपद्धतिबाट धेरै टाढा हुँदै गएर विदेशी भूमिमा सीमित हुन गएका कुरालाई हामीले आफ्नै अनुभूतिको माध्यमबाट व्यक्त गर्दछौ । यसैले घरका बुबाआमा हामीबाट टाढा हुँदै गएका छन् र हाम्रो सम्बन्ध अर्कैसँग सीमित हुन पुगेको छ । विश्वको आर्थिक क्रियाकलापसम्बन्धी अवस्था स्वतन्त्रताले गर्दा धेरैभन्दा धेरै आर्जन गर्न नसकिने वस्तुका रूपमा सीमित बन्न पुगेका छन् । यसैले गर्दा पछिल्ला वर्षहरूमा आधुनिक जीवनपद्धतिका विभिन्न दृष्टिकोणसम्बन्धी मान्यता विकसित बन्दै गएका छन् ।

संवेदनासम्बन्धी धारणा सामान्य चिनारीजस्तै भएको देखिए तापनि कुनै समाजमा बस्ने व्यक्तिले आफूले कस्तो खाले स्वाभिमानलाई अनुसरण गर्नुपर्छ भन्ने विचारलाई बुझ्न सकेका छैनन् । प्रत्येक मानिसले आफ्नो अर्थसम्बन्धी रुचिलाई स्वतन्त्र रूपले प्रयोग गरेर उन्नति गरे तापनि उनीहरूको रुचिको विषय के हो भन्नेजस्ता न्यायिक पक्ष एवम् सम्पूर्ण मानिसले जीवनमा के गर्नुपर्छ भन्ने धारणाको विकास हुन सकेको छैन । पैसाले गर्दा मानिसलाई धेरै मात्रामा स्वचालित यन्त्रजस्तै अनुभूतिविहीन बनाएको छ ( वेबर, ई.१९६६) । वेबरका मतमा विचार, संवेदना एवम् अनुभव र धारणासम्बन्धी क्रियाकलाप आर्थिक क्रियाकलापसँग जोडिएको अवस्थामा अनुभूतिसम्बन्धी कुराका लागि प्रश्न गर्न लायक हुँदैनन् ।

विभिन्न उद्देश्यका शाखामा विभक्त गरिएका कार्यलाई समाजशास्त्रीय अध्ययनसँग गरिएका परीक्षणमा केन्द्रित भएर पूर्ववर्ती विद्वान्ले गरेका विभिन्न परीक्षणका माध्यमबाट उल्लेख गरिन्छ (वेबर, ई.१९६६) । समाजको उत्पादनमा राजनीतिज्ञ र सरकारको भूमिकाका बारेमा विभिन्न दृष्टिकोणलाई प्रस्तुत गरिएको हुन्छ । यसमा कुलीनतन्त्रसम्बन्धी एवम् रूढिगत समाजका विचारलाई पनि एकत्रित गरेर बुद्धिमानपूर्ण तरिकाले सामाजिक व्यवस्थाको रूपमा स्वीकार गरिएको देखिन्छ (वेबर, ई.१९६६) ।

हाम्रा नैतिकतासम्बन्धी क्रियाकलाप र अनुभूतिसम्बन्धी कुरामा आचरणसम्बन्धी नियमले भिन्नता ल्याउने गर्दछ । यसले विभिन्न खाले सम्बन्धका बीच एकआपसमा नयाँ सम्बन्धको स्थापना गरी संवेदनासम्बन्धी कुरालाई विश्वव्यापी बनाउने कार्य गर्दछ (दुर्खिम, ई.२००३) । वैयक्तिक रूपमा रहेका अनुभूतिको अन्त्य हुँदैन भन्ने कुरा माथिका वाक्यबाट व्यक्त भएको देखिन्छ । नैतिकताको सुरुवातबाट यसका विभिन्न खाले रुचिलाई एउटा किसिमको व्यक्तिबाट अर्को खाले व्यक्तिका त्यस्तै किसिमका क्रियाकलापलाई पक्का गर्न लगाइन्छ ।

अनुभूतिको संरचनाले कुनै समाजमा बस्ने विभिन्न व्यक्तिका विचार, रुचि र व्यवहारजस्ता कुरामा पारस्परिक रूपमा मेल गराउँछ । मानिसभित्र कसरी समान र असमान धारणा निर्माण हुन्छन् र तिनीहरूका विश्वास र कार्यतालिकालाई कसरी प्रस्तुत गर्ने भन्ने कुरा सिक्नका लागि अनुभूतिसम्बन्धी कुरा व्यक्त हुने गर्दछन् । तिनीहरू एउटा नयाँ विचार र अवधारणालाई पुन परीक्षण गर्न एवम् मूल्य र मान्यतालाई व्यक्त गर्ने क्रममा आउँछन् (ब्राउन, ई.२००३) । तिनीहरूले सम्पूर्ण मान्छेलाई एकआपसमा प्रभाव पार्दछन् । समाजशास्त्रले समाजमा रहेका व्यक्तिका संवेदना र भावनालाई आलोचनात्मक रूपमा बुझ्नका लागि अनुभूतिको आवश्यकता पर्दछ ।

## प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचनासम्बन्धी विश्लेषण

लीलबहादुर क्षत्रीले जीवनमा देखेका, भोगेका र अनुभव गरेका जीवनजगत्का यथार्थ कुराको बोध गरेर *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यास लेखेका हुन् । यसमा आसामको नेपाली एवम् नेपालीतरका समाजमा बस्ने मानिसहरूको सामाजिक जीवन अङ्कित भएको छ । यस सन्दर्भमा उपन्यासकारले आफ्नो उपन्यासको भूमिकामा "पिताज्यूको जीवनीलाई मियो मात्र पारिएको छ" (क्षत्री, वि.सं.२०६१) भन्ने आसय व्यक्त गरेका छन् । यसका वरिपरि दाइँका गोरु रिङ्गिएझैं अनेकौं घटना, चरित्र, कथा र उपकथालाई प्रस्तुत गरी आफ्नै अनुभव र अनुभूतिको रूपमा व्यक्त गरेको कुरामा आफू संवेदनशील भएका कुरा बताएका छन् । उपन्यासकार क्षत्रीको यस भनाइबाट उनले आफ्नो र आफ्ना पिताजीले देखेका र भोगेका जीवनजगत्का अनुभूतिलाई विभिन्न माध्यमबाट प्रकट गरेको कुरा पुष्टि भएको देखिन्छ । क्षत्रीको यस उपन्यासमा रेमण्ड विलियम्सले उल्लेख गरेअनुसार अनुभूतिको संरचनासम्बन्धी प्रयोगलाई यसरी उल्लेख गरिएको छ :

### १. अस्थिरका दबाब र तनाबका कारण उत्पन्न अनुभूति

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा रेमण्ड विलियम्सले उल्लेख गरे अनुसारको मूलधारको प्रभुत्वशाली संस्कृतिको वैकल्पिक स्तरमा रहने अवशिष्ट संस्कृतिभन्दा पनि अधीनस्थ संस्कृतिलाई अनुभूतिको संरचनाका रूपमा देखाइएको छ । यस उपन्यासमा भारतको ग्रामीण क्षेत्र भएको आसाममा नेपाली एवम् नेपालीतर जातिहरू भए तापनि त्यहाँका नेपालीहरू शासक हुन नसकेकोले उनीहरूको मानसपटलमा आफू शासित हुनुपरेको संवेदना तथा अनुभूति अधीनस्थता र तनाबजन्य कारणबाट प्रकट

भएका देखिन्छन् । त्यस्तै भारत स्वतन्त्र भएपश्चात् आसाम आसपासको सम्पूर्ण क्षेत्र राजनीतिक तथा प्रशासनिक आधारमा विभिन्न समयमा बङ्गाल तथा पाकिस्तानको प्रान्तसँग टुक्रिने र मिल्ने क्रम भइरहेका छन् । अझै पनि त्यसको असर काश्मिर भूभागमा देखिएको हुनाले त्यसैको फलस्वरूप भारत र पाकिस्तान बीचको विवादले विभिन्न जातिका मानिसलाई नराम्रो खाले प्रभाव पारेको मानसिक संवेदनालाई यस उपन्यासमा व्यक्त गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा नेपालीहरू एवम् भारतीयहरू स्वयम् आफ्नै जातिहरूबाट मारिनु परेको भावले जन्माएको असन्तोष व्यक्त भएको छ । यस उपन्यासका पात्रहरू साहिँला दाहाल, कलकत्ताको एउटा दादा र सिलाङको एउटा वृद्ध महिला पाल्पाको चुरौटे जातिको हत्यारोबाट मारिएका छन् । यिनै घटना वा वर्णनबाट भारतीय समाज एवम् नेपाली समाजका व्यक्तिले भोगेका र अनुभव गरेका कुरा यस उपन्यासमा व्यञ्जित भएका छन् । प्रशासनिक एवम् राजनीतिक आधारमा आसाम राज्यमा जुनजुन भूभागहरू गाँभिए । ती भूभागमा नेपाली जातिद्वारा आफ्नो स्वजातीय नेपाली जाति एवम् भारतका विभिन्न जातिको विकासमा आघात परेको अनुभूतिलाई क्षत्रीले यस उपन्यासमा व्यक्त गरेका छन् । यसरी क्षत्रीले यस उपन्यासमा उल्लेख गरेका नेपाली एवम् भारतीय व्यक्तिको मृत्युसम्बन्धी घटनालाई अस्थिरका दबाब र तनाबका कारण उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र गोबर्द्धन गुरुङले आसाममा पुलिस पेसामा काम गर्ने सम्पूर्ण पुलिस वर्गको समाजको प्रतिनिधित्व गरेका छन् । उनले भारतीय स्वतन्त्रताको लागि पुलिस वर्गलाई कडा आदेश र निर्देशन नदिने कुरामा दृढ देखिन्छन् । उनले हरेक पुलिस वर्गका व्यक्तिलाई आफ्नो जीवनका कथाव्यथा सुनाउँछन् । उनले पुलिसहरूलाई ड्यूटीमा धेरै कडा गर्नु हुँदैन भनेर नकुल कछारीलाई सम्झाएका पनि छन् । उनले आसामका पुलिस पेसामा काम गर्ने व्यक्तिका लागि सहज, सौन्दर्यपूर्ण एवम् अनुकूल अवसर प्राप्त गर्नसक्ने अनुभूति वा संवेदनालाई उनले राम्ररी बुझेको देखिन्छ । यसरी गोबर्द्धन गुरुङका मनभित्र प्रकट भएका अनुभूति वा संवेदनासम्बन्धी कुरालाई क्षत्रीको यस उपन्यासमा अस्थिरका दबाब र तनाबका कारण उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा चियाबगानका मजदुरहरूले आसामको निम्नवर्गीय समाजको प्रतिनिधित्व गरेका छन् । क्षत्रीले सिर्जना गरेका चियाबगानका काल्पनिक पात्र अङ्ग्रेजको अन्याय, अत्याचार, शोषण एवम् बलात्कारजस्ता क्रियाकलापका विरुद्ध सङ्घर्षरत् छन् । अङ्ग्रेजका बडा मेनेजर र छोटा मेनेजर कोही नभएको मौका पारी मजदुरकी श्रीमतीलाई बलात्कार गरेर आफ्नो स्वार्थ पूर्ति गरे तापनि त्यसको विरुद्धमा उभिएका श्रमिकमाथि अङ्ग्रेजले गोली चलाएर दमन गरेको देखिन्छ । चियाबगानमा काम गर्ने मजदुरको अवस्था दयनीय र कारुणिक भएको छ । अङ्ग्रेजले चलाएको गोलीको आवाजले मजदुरको भीडलाई दच्काउन खोजिएको छ । तर उक्त भीड नियन्त्रण हुन नसकेकाले त्यसपछि थानाबाट आएका केही पुलिसले श्रमिकमाथि लाठीचार्ज गरेका छन् । “श्रमिकहरूको लाठीको चोटले केही घायल पनि भए” (क्षेत्री, वि.सं.२०६१) भन्ने प्रसङ्गले श्रमिक र अङ्ग्रेजका बीचमा विभिन्न खाले अनुभूति प्रकट भएका देखिन्छन् । अङ्ग्रेजले चियाबगानमा काम गर्ने निर्दोष मजदुरमाथि अन्याय, अत्याचार, शोषण एवम् बलात्कार गरेका छन् । यसरी अङ्ग्रेजले सिधासाधा मजदुरप्रति उल्टो दमन गरेको हुनाले मजदुरको भविष्य सोचनीय भएका संवेदनालाई यस उपन्यासमा अस्थिरका दबाब र तनावका कारण उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

आसामको चियाबगानमा काम गर्ने अङ्ग्रेजका बडा मेनेजर र छोटा मेनेजरहरूले उच्च वर्गीय समाजको प्रतिनिधित्व गरेका छन् । बडा मेनेजरले आफ्नो स्वार्थ रहुञ्जेलसम्म मजदुरकी श्रीमतीलाई बलात्कार गर्छ र उसको यौनवासनामा रमाउँछ । स्वार्थ पूरा भएपछि उल्टै मजदुर वर्गमाथि आरोप लगाएर अनेक किसिमका दुःख यातनाहरू दिएको छ । छोटो मेनेजरले पनि बडा मेनेजरले जस्तै गरी आफ्नो स्वार्थ रहुन्जेलसम्म मजदुरकी श्रीमतीलाई बलात्कार गरेर उसको यौनवासनामा मस्त भएको छ । यसरी चियाबगानका मालिकका रूपमा चिनिएका बडा मेनेजर र छोटा मेनेजरको दुःख, पीडा र यातनाबाट आक्रोशित भएर अङ्ग्रेजका विरुद्धमा उभिएका मजदुर वर्गहरूप्रति त्यहाँको सरकारले कुनै न्याय निसाफ गरेको देखिंदैन । बरु उल्टै मजदुर वर्गको समर्थन गरेको भन्ने आरोप लगाएर त्यहाँका केही पुलिसलाई आसामबाट सिलाङतर्फ सरुवा गर्दछ । यसरी आसामका उच्च वर्गमा चिनिएका बडा मेनेजर र छोटा मेनेजरमा मानवीय भावना नरहेको अनुभवलाई क्षत्रीले यस उपन्यासमा अस्थिरका दबाब र तनाबका कारण उत्पन्न अनुभूतिको संरचनाका रूपमा प्रस्तुत गरेका छन् ।

## २. पिढीगत संस्कृतिका कारण उत्पन्न अनुभूति

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भएका संस्कृतिका मूल्य र मान्यतालाई पींढिगत संस्कृतिका कारण उत्पन्न भएका अनुभूतिका रूपमा प्रयोग गरिएको छ । यस उपन्यासमा भारत स्वतन्त्र हुनुपूर्व र स्वतन्त्र भएपश्चात्को आसामको सामाजिक जीवनको घटनालाई यस किसिमको अनुभूतिको संरचनाका रूपमा अपनाइएको छ । भारत स्वतन्त्र हुनुपूर्व चियाबगानको आन्दोलन र त्यस आन्दोलनमा गरिएको अन्याय, अत्याचार र दमनजस्ता कुरा यस उपन्यासको प्रमुख ऐतिहासिक घटना बनेको विषय रहेको देखिन्छ । आसामको नेपाली एवम् नेपालीतर समाजका व्यक्तिहरूले भोगेका यथार्थ परिस्थितिको अनुभवलाई क्षत्रीले यस उपन्यासमा व्यक्त गरेका छन् । भारत स्वतन्त्र भएपछि नेपाली एवम् नेपालीतर जातिले सोचे र आशा गरेभन्दा विपरित सामाजिक-राजनीतिक परिवेशका कारण आसामका नेपाली एवम् नेपालीतरका व्यक्तिको जीवन अनिश्चित र अभावग्रस्त बन्न पुगेको संवेदनालाई यस उपन्यासका पात्रका माध्यमबाट क्षत्रीले प्रस्तुत गरेका छन् ।

मान्छेको जीवन जिउने क्रममा जीवनमा भोग्नुपर्ने घटनाक्रम यही हो भनेर किटान गर्न सकिँदैन । जीवन रहेसम्म मान्छेको इच्छा मर्दैन र मान्छेको जीउने अभिलाषा मान्छेमा रहेको हुन्छ । तर जीवनोपरान्त मान्छेको जीवन शून्य बन्ने रहेकाले त्यसको कुनै अर्थ र औचित्य हुँदैन । समस्त विश्ववृत्तका निमित्त मानिस एउटा कणमात्रै भएकाले सागरको एउटा पानीको थोपाको कमवेशीले कति पनि फरक पार्दैन । *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा चुरौटे जातिको अपराधीको मृत्युले कसैलाई नकारात्मक असर पार्दैन । उसले जीवन जिउने क्रममा राम्रो काम गरेको छैन । उसले जीवन जिउने क्रममा समाजका मूल्य र मान्यतासँग सम्झौता गर्न सकेको छैन । बरु त्यसको विपरित दुष्कार्यहरू गर्दै हिँडेको देखिन्छ । त्यसैले जीवन सम्झौतामा बाँचिन्छ भन्ने जीवनविषयक अनुभूतिलाई क्षत्रीको यस उपन्यासमा पींढिगत संस्कृतिका कारण उत्पन्न भएका अनुभूतिको संरचनाको रूपमा प्रयोग भएको छ ।

क्षत्रीले समाजमा देखापरेका विभिन्न प्रकारका मानिसहरूको जीवनप्रक्रियाबाट अनुभव ग्रहण गरेर *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यास लेखेको पाइन्छ । उनले आसामको परिवेशका विभिन्न घटनाको अनुभवलाई उपन्यासमा व्यक्त गरेका छन् । कमाण्डिङ बाका बुबाको मृत्युले बेहोस बनेका कमाण्डिङ बा होशमा आएपछि धेरै बेरसम्म आँखाबाट बर्र आँसु खसालेर मुखबाट घुक्क घुक्क आवाज निकालेर रोएको देखिन्छ । पुलिस पेसामा काम गर्न थालेपछि धेरै वर्षसम्म पनि एकचोटि घर नपुगेका कमाण्डिङ बा

पितृवियोगका कारण एक महिनाको छुट्टि लिएर घर जान्छन् । घरमा गइसकेपछि उनले आफू मुनिका पाँचवटी बहिनी र बहिनीपछि भाइको जन्म भएको छ । त्यसपछि उनको घरमा कान्छी बहिनी जन्मेको र तीनवटी बहिनीको बुबाले पहिले नै विवाह गरिदिएको कुरा थाहा पाउँछन् । उनको घरका विभिन्न व्यक्तिको पालनपोषण र उत्तरदायित्व पूरा गरेर जीवन बिताएका आफ्ना पिताको देहावसानले उनलाई शोकमग्न बनाएको देखिन्छ । विभिन्न थरिका मानिसका समष्टि नै समाज हो भन्ने अनुभूतिलाई क्षत्रीले आफ्नो जीवनमा अनुभव गरेका सामाजिक राजनीतिक परिवेशदेखि समाजका सामान्य मानवका जीवनबाट ग्रहण गरेका छन् । यसरी क्षत्रीले व्यक्त गरेको अनुभूतिलाई पींढिगत संस्कृतिका कारण उत्पन्न भएको अनुभूतिको संरचनाका रूपमा उल्लेख गरिएको छ ।

क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा आसाममा बस्ने रैथाने नेपालीहरूको मनोभावना र असन्तुष्टिबाट सिर्जित अनुभूतिलाई व्यक्त गरिएको छ । उनीहरूको अस्मिता र अस्तित्व सङ्कटमा पर्दै गएको अनुभवलाई यस उपन्यासमा सङ्केत गरिएको छ । आसामको माटोसँग त्यहाँका नेपालीको ऐतिहासिक, भौगोलिक, सामाजिक तथा आत्मीय सम्बन्ध रहँदै आएकाले त्यहाँका नेपालीले आसामलाई भावनात्मक रूपले आफ्नो किपट ठान्दछन् भन्ने कुरालाई अनुभूतिको रूपमा देखाइएको छ । आसाममा रहेको “पल्टन बजार गोर्खा सैनिकहरूको अड्डा नै थियो” (क्षत्री, वि.सं.२०६१) भन्ने प्रसङ्गले धेरै पहिलेदेखि उक्त ठाउँमा गोर्खा सैनिकका रूपमा चिनिएका नेपाली जातिका व्यक्तिहरू सैनिक भएकाले तिनीहरूलाई नै सम्बोधन गरी पल्टन बजारलाई नेपालीले नै उक्त नाम दिएको देखिन्छ । यसैले गोर्खा सैनिकहरू अवकाशको समयपछि तथा अपाङ्ग वा अशक्त भएपछि एवम् विदाको समयमा समेत उक्त ठाउँमा ओहोरदोहोर गर्ने र पछिपछि त्यही ठाउँमा घर बनाएर बसेको पाइन्छ । यसरी पल्टन बजार नेपालीहरूले आफ्नो जातिका पल्टनहरूको नामसँग जोडेर राखेकाले तथा उक्त ठाउँमा त्यहाँका नेपालीको भावनात्मक सम्बन्ध रहँदै आएकोले उक्त कुरालाई क्षत्रीको यस उपन्यासमा पींढिगत संस्कृतिका कारण उत्पन्न भएका अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा उल्लेख भएअनुसार कसैले पनि चाहेजस्तो जीवन जीउन नसकेकाले जीवनसँग सम्झौता गरेर आसामका नेपाली एवम् नेपालीतर समाजमा बस्ने विभिन्न व्यक्तिहरू बाँच्नु परेको अनुभव तथा संवेदनालाई क्षत्रीले व्यक्त गरेका छन् । यस उपन्यासमा देखापरेको पात्र गोपीचन्द्र मगरका सन्तान नभएकाले सन्तान जन्माउने रहर गरेको छ । आफ्नो प्रजनन् क्षमताको अभावका कारण गोपीचन्द्रकी श्रीमती यशोदाले लेखबहादुरलाई आफ्नो छोरो महसुस गरी छोरालाई जस्तै गरी मायाममता गरेकी छे । उसैका लागि भनेर विभिन्न किसिमका भोटा, थाङ्ना बनाउने र आफैसँग सुताउने गरेकाले उसले जीवनसँग सम्झौता गरेर बाध्यात्मक जीवन बिताएकी छे । त्यसैगरी लम्बू महाजनले पनि आफ्नो घरको सम्पत्ति डाँकुले लुटेर लगेपछि तथा बाँकी सम्पत्ति आगोले डढेर ध्वस्त भएपछि तथा आफ्नी श्रीमतीको पनि मृत्यु भएकोले र छोराहरूले समेत वास्ता नगरेका हुनाले बाध्यात्मक जीवन बिताउनु परेको छ । “माया, स्नेह, प्रेम, यी कुराको ठूलो महत्त्व रहेछ” (क्षत्री, वि.सं.२०६१) भनेर क्षत्रीले लम्बू महाजनलाई छोराबुहारीले अलिकति पनि मायाममता नगरेको कुरा व्यक्त गरेका छन् । यसरी उनले बूढेसकालमा अनेक किसिमका दुःखकष्ट पाएको हुनाले उक्त संवेदनालाई यस उपन्यासमा अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ । यसरी क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका पात्रका अनुभूतिसम्बन्धी क्रियाकलापलाई पींढिगत संस्कृतिका कारण उत्पन्न भएको अनुभूतिको संरचनाका रूपमा व्यक्त गरिएको छ ।

### ३. प्रभुत्वका कारण उत्पन्न अनुभूति

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासका सामन्ती, हैकमवादी र सभ्रान्त पात्रले निम्नवर्गीय पात्रलाई अन्याय, अत्याचार, शोषण, दमन र व्यभिचार गर्ने सन्दर्भमा देखाएका शान, रबाफ, घमण्डलाई प्रभुत्वका कारणले उत्पन्न भएका अनुभूति मानिएको छ । यस उपन्यासको पात्र कमाण्डिङ बाले उनको सानाबा भन्नेले "अछाम जान्छस् केटा ? अछाम लगेर छपडी कम्पनीमा भर्ती गरिदिन्छु" (क्षत्री, वि.सं.२०६१) भन्दा उक्त भनाइलाईलाई उनले सकारात्मक रूपमा स्वीकारेका छन् । उनले छपडी कम्पनीलाई कुनै गल्लावालको नाउँ होला र उनले मलाई फौजमा भर्ना गर्ने कुरा गरेका होलान् भन्ने कुराको अनुभव गरेका छन् । तर उक्त छपडी कम्पनी भनेको कुनै गाईभैँसी बाँध्ने पराल वा चोयाले बारेको गोठ भन्ने थाहा पाएपछि उनको मनमा एक किसिमको दुःख, ग्लानि तथा पीडाजन्य अनुभूतिको बोध भएको छ । कमाण्डिङ बा आसाममा जानुको मूल उद्देश्य पल्टनमा भर्ती भएर रिकुटे भई बूट पड्काउँदै भरियालाई बाकस र गुण्टा बोकाएर घर फर्कने सपना देख्नु हो । आसाम पुगेपछि उनले सोचेजस्तो अवस्था नभएकाले उनको मानसिक संवेदना आकुलव्याकुल र निराशाजन्य भएको देखिन्छ । अझ ५,६ वर्षसम्म कान्छीआमा भन्नेका गोठमा शीतलपाटी गाउँमा गोठालो बसेर उनलाई काम गरेबापत कुनै तलब र पारिश्रमिक सुविधाहरू दिएकी छैनन् । त्यस अवस्थामा उनी खाली हात त्यहाँबाट निस्कनुपर्दा उनले बढी मात्रामा दुःख, पीडा एवम् डर त्रास जस्ता कुराको समेत महसुस गर्नुपरेको छ । त्यस्तै नेपालमा बस्दा उनी आफ्नो बुबासँग मधेशको ठाउँ अर्थात् झापाको शनीश्वरेमा घुम्न गएका छन् । त्यस ठाउँमा आफ्नी पत्नीलाई निरह ढङ्गले झम्टीझम्टी कुटेको देख्दा उनी असहय भएकाले आफूले गएर थारूको हात समाती छुटाउन जाँदा उनलाई थारुहरूले आक्रमण गरेका छन् । त्यसपछि उनलाई बडो मुस्किलले उनका बुबाले छुटाएकाले उनले एक किसिमको दुःख, पीडाको अनुभव गरेका छन् । यसै गरी उनले राणाकालीन समयमा आफूले मूलबाटाको छेउ पर्ने पुछारको बारीमा बाँझो जोत्दै गर्दा दुईजना सैनिकले दुईतिरबाट उनको पाखुरामा समाती घिच्याउँदै तल बाटोमा लगेका छन् । त्यसपछि उनलाई तोडोको भारी बोकाएको हुनाले उनले एक किसिमको डर, त्रास र असजिलोपनको अनुभव महसुस गरेका छन् । त्यस्तै उनले सिपाहीको जागीर खाने क्रममा शत्रुहरूसँग लड्नुपरेका र चोरलाई समात्नु परेका घटना यस उपन्यासमा उल्लेख गरिएको हुनाले उक्त कुरालाई कमाण्डिङ बाले आफ्नो जीवनमा महसुस गरेका संवेदना मानिन्छन् । यसका साथै कमाण्डिङ बाका बुबाआमाको मृत्युवियोगका पीडा तथा उनलाई छोरो जन्मिँदा महसुस भएको खुशीयालीका अनुभव अनुभूतिको संरचनाको रूपमा व्यक्त भएका छन् । उनलाई बहुमूत्र रोगले सताएकाले उनको शरीर दुब्लाउँदै र घट्दै गई त्यसै रोगको कारण उनको मृत्यु भएसम्मका क्रियाकलाप मानसिक संवेदनाका रूपमा प्रकट भएका छन् । यसरी कमाण्डिङ बाको बाल्यकालदेखि मृत्युसम्मका सम्पूर्ण भोगाइलाई यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न भएको अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र बाघे महाजनले चियाबगानको भित्र गाईगोरु काट्ने कसाईखाना बसाल्न ठीक पारेको अवस्थामा उनले नै अङ्ग्रेजको सामु गएर ठाडै विरोध गरेका हुनाले उनले आफू निडर र साहसी भएको कुरा महसुस गरेको देखिन्छ । उनले गरेको विरोधका कारणले गर्दा अङ्ग्रेजहरू डराएका हुनाले उनी वास्तविक परिस्थिति र संवेदनालाई बुझ्ने मानिसको रूपमा उभिएका छन् । उनले नेपाली परम्पराअनुसार आफ्नो जेठो छोरो खड्गवीरको विवाह बाजागाजासहित गरेको हुनाले उनी त्यस गाउँका धनी व्यक्ति भएको कुरा आफूले महसुस गरेका छन् । तर उनीभित्र कुनै खाले घमण्ड नभएका कारणले गर्दा महाजनले आफ्नो छोराको "पहिले कुम्ले बिहा गर्ने विचार थियो" (

क्षत्री, वि.सं.२०६१) । यस भनाइमा त्यस गाउँका अन्य व्यक्तिले नमानेपछि आफूले आफ्नो छोराको गाउँका व्यक्तिहरूसँग रायसल्लाह लिएर विवाह गरेका छन् । त्यस क्रममा पनि उनले आफ्नो संस्कृति र छिमेकीहरूको आत्मविकासको चाहनालाई पूरा गरी दिनाका लागि उनीहरूको रायसल्लाहअनुसार चलेको देखिन्छ । अतः बाघे महाजनले अनुभव गरेका सम्पूर्ण घटनालाई यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न भएका अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र कमाण्डिङ बाको सानाबाको व्यक्तिगत र सामाजिक स्थिति एकदम मजबुत खालको छ । उनी सदैव उच्च खाले र सुन्दर जीवन जिउन सफल भएका देखिन्छन् । त्यस्तै उनी धेरै चतुर, फटाहा एवम् धूर्त भएकाले छपडी कम्पनी भनेर कमाण्डिङ बालाई कुरै नबुझाइकन झुठा आश्वासन देखाएका छन् । उनलाई कान्छीआमा भन्नेको गोठमा गोठालो राखीदिने कार्य योजनामा सफल भएका छन् । गोठमा काम गरेबापत मैले के पाउँछु भन्ने प्रश्न कमाण्डिङ बाले राख्दा गाउँघरमा गोठालालाई जति दिने चलन छ त्यति दरमाहा तैले पाउँछस् भनेर कमाण्डिङ बालाई कसरी छक्काउन सकिन्छ भन्ने कुराको महसुस बोध गरेका छन् । उनले कमाण्डिङ बाका कपडा फाट्दासमेत कमाण्डिङ बाले रोजेका कपडा किनी दिनुपर्छ भनेर अनेक किसिमका जुक्ति उपाय लगाएर पन्छिन खोजेका छन् । "ए केटा हामी भनेका गोठ खेतमा काम गर्ने मानिस" (क्षत्री, २०६१) यत्रो दामी लुगा लगाएर हामीलाई कहाँ पुग्छ र भन्दै धेरै विचार र तर्क गरेर उनले बजारभरिमा पाइने सबैभन्दा सस्तो नैनासूतको एउटा कमीज र मोटो खाँडीको एउटा जाङ्घे किनिदिएको पाइन्छ । यस्तै रातको समयमा सबैजना सुतेपछि उनले आफ्नी भाउजू पर्ने कान्छीआमासँग एक्लै आइमाईको कोठामा बसेर अनेक प्रकारका कुरा गर्ने भएको संवेदनालाई यस उपन्यासमा उल्लेख गरिएको छ । उनी आफ्नी भाउजूलाई फसाउन र व्याभिचारी क्रियाकलाप गर्नसमेत भावुक र कामुक प्रवृत्तिको व्यक्ति बनेको पाइन्छ । तसर्थ सानाबा भन्ने व्यक्तिले जीवनमा भोगेका विभिन्न किसिमका अनुभव एवम् मनोभावजन्य संवेदनालाई यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न भएको अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र कमाण्डिङ बाकी कान्छीआमाको मनोभावना स्वार्थी, अवसरवादी एवम् सामन्ती र शोषक खालको छ । उनले आफ्नो घरमा ५,६ वर्षसम्म गाईवस्तु हेरेर गोठालाको रूपमा काम गर्ने कमाण्डिङ बालाई बिना तनखा काममा लगाएर शोषण गरेकी छिन् । उनको छोरो पढ्ने निहुँले घरबाट निस्के तापनि बरालसिडे केटाहरूसित डुल्न लागेको देखेर पनि कान्छीआमाले "नियन्त्रण गर्न नसक्नुमा उनको आफ्नै कमजोरी झल्कन्छ" (क्षत्री, वि.सं.२०६१) । कान्छीआमाले आफ्नो छोरोलाई समेत अनुशासन र सौहार्दपूर्ण वातावरणमा राख्न नसकेको देखिन्छ । कान्छीआमाको छोराले कमाण्डिङ बालाई आक्रमण गर्दा पनि उनले आफ्नो छोरो पुलपुल्याएर राखेको हुनाले कुनै कुरा भनेको मान्दैन भन्ने कुरा यसलाई उपन्यासमा व्यक्त गरिएको छ । कान्छीआमाले आफ्नो घरव्यवहार कसरी सञ्चालन गर्ने र शाखा सन्तानलाई कसरी रेखदेख गर्ने भन्ने कुराको महसुस नगरेको पाइन्छ । त्यस्तै राती अबेरसम्म कमाण्डिङ बाकी कान्छीआमा पर्नेले राति "सानाबासित अबेरसम्म कुरा गरिरहेकी हुन्छिन्" (क्षत्री, वि.सं.२०६१) । यस भनाइका आधारमा पनि साइनो नपर्ने मानिससँग उनी रातिसम्म बसेको हुनाले उनले कमाण्डिङ बाको सानाबासँग नराम्रो क्रियाकलाप तथा यौनसम्पर्क गरेको पाइन्छ । यसरी कमाण्डिङ बाकी कान्छीआमाको मनभित्र उत्पन्न भएका नराम्रा क्रियाकलापसम्बन्धी अनुभव तथा संवेदनालाई क्षत्रीको यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र भक्तमान गुरुङ निष्ठावान् व्यक्ति भएकाले उनले संस्कृत भाषा तथा ज्योतिष र पुराणसम्बन्धी कुराका बारेमा पनि अनुभव प्राप्त गरेको देखिन्छ । भक्तमानलाई पढ्न लेख्न रुचि भएकाले उनले एकदम भावुक र संवेदनशील भई धार्मिक पुस्तकहरू पढेका छन् । उनले "हेराउने कोराउने कुरामा विश्वास राख्थे" (क्षत्री, वि.सं.२०६१) भन्ने कुराका आधारमा ग्रहदशा एवम् नक्षत्रहरू हेर्ने कुरामा उनलाई आन्तरिक तथा बाह्य किसिमको अनुभवजन्य घटनाले प्रभाव पारेको देखिन्छ । त्यस्तै भक्तमान गुरुङले कमाण्डिङ बासँग सोल्टी साइनो लगाएर खुब मिल्थे भन्ने कुराका आधारमा उनी मिलनसार र नैतिकवान् व्यक्तिको रूपमा उभिएको देखिन्छ । भक्तमानले छोरीसहितकी एउटी गुरुङसेनीलाई भगाएर ल्याएका छन् । त्यसपछि पहिलेकी श्रीमती र दोस्रो श्रीमतीका गरी "पाँच जनाको जहान पाल्न" (क्षत्री, वि.सं.२०६१) उनलाई मुश्किल परेकाले उनलाई विवाहपछिको समयमा अनेक किसिमका दुःखकष्टहरू आएको पाइन्छ । यसरी भक्तमान गुरुङको जीवनमा आएका विभिन्न खाले सुखदुःखजस्ता अनुभव तथा महसुसलाई क्षत्रीको यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासको अर्को पात्र साहिँला बूढाले पुराना दन्त्य कथाहरू सुनाउनुका साथै पुराणका बारेमा कुराहरू गर्छन् । "कहिले आफ्नै जीवनका अनुभवहरू" (क्षत्री, वि.सं.२०६१) बताउने हुनाले उनले जीवनभोगाइसम्बन्धी सम्पूर्ण पक्षमा आनन्दको अनुभव गरेका छन् । उनले आफ्ना छिमेकमा बस्ने अन्य व्यक्तिलाई पनि सिलोक हाल्न, कविता भन्न र खाँडो जगाउन जानिराख्नु पर्ने कुरा व्यक्त गरेका छन् । उनले आफ्नो रीतिरिवाज बिर्सन नहुने कुराका बारेमा त्यस समाजमा बस्ने व्यक्तिमा एक किसिमको सचेतना जनाउने काम गरेका छन् । उनले विगतमा वल्लोपल्लो गाउँमा घटेका विभिन्न घटनाहरूको अनुभव बोध गरेकाले उक्त कुरामा संवेदनशील भएर ती अनुभवका बारेमा आफ्नो छोरो र छोराका साथीहरू सामु व्यक्त गरेको देखिन्छ । बाघले पुन्टी गाईलाई मारेको हुनाले कान्छीआमाको डरले उनको घर जान नमानेका कमाण्डिङ बालाई साहिँला बूढाले सँगसँगै लिएर उनको घर लगी संवेदनशील तरिकाले कुरा गर्नसमेत उनी अघि सरेका छन् । उनले कमाण्डिङ बाकी कान्छीआमालाई सम्झाउँदै "केटो मेलामा नगएर घरै बसेको भए पनि वनबाट गाई घिस्याउने बाघलाई यसले रोक्न सक्ने थिएन" ( क्षत्री, वि.सं.२०६१) भनेर गोठालो राखेपछि उसलाई तलब दिनुपर्छ भनी संवेदनशील भएर व्यवहारिक पक्षका कुराहरू गरेको देखिन्छ । गाउँघरमा जङ्गली हात्तीहरू पसेर ती हात्तीहरूले धान तथा खेतीबाली माडेर नोक्सान गर्दा तथा वस्तुभाउलाई तर्साउँदा समेत उनले अनेक किसिमको जुक्ति र बुद्धि लगाएर यी समस्यालाई समाधान गरेका छन् । यसरी साहिँला बूढाको जीवनभोगाइसम्बन्धी सम्पूर्ण कुरालाई यस उपन्यासमा प्रभुत्वका कारणले उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा उल्लेख गरिएका रुक्मिणी, मेनका तथा कौशिलाजस्ता नारी पात्रहरूले कमाण्डिङ बासँग प्रेम गर्न चाहेको हुनाले उनीहरूको प्रेमप्रसङ्गसम्बन्धी अनुभवलाई क्षत्रीले व्यक्त गरेका छन् । "रुक्मिणी पनि मलाई देख्दा हँसिलो अनुहार" (क्षत्री, वि.सं.२०६१) पार्ने भएकाले उसको जवानी अवस्थादेखि विवाहपछिको अवस्थासम्मको अनुभवलाई उल्लेख गरिएको छ । विवाहपछि ऊ "अहिले तीस पनि नपुगेकी हुँदी हो ऊ तर चेहरा र जिउडालले पचास नाघ्न आँटेकी जस्ती देखिन्थी" ( क्षत्री, वि.सं.२०६१) । यस भनाइबाट उसको विवाह अघि र विवाह पछिको भोगाइ तथा मानसिक संवेदना व्यक्त भएको देखिन्छ । यस उपन्यासकी अर्की नारी पात्र कौशिलाले "माछा मासु मुन्छेले खाने चीज होइन्छ" (क्षत्री, वि.सं.२०६१) भन्ने कुरा चर्चा गर्दै आफू सन्यासी भए पनि बाहुनभन्दा चोखी छु

भन्ने महसुस गरेकी छे । उसले तपाईंको भान्सा मैले बनाइदिन्छु भनेर कमाण्डिङ बालाई सहयोग गरिदिने अपेक्षा राखेकी छे । "गीत गाउनु भगमानको वरदान हो" ( क्षत्री, वि.सं.२०६१) भन्दै आफूले गाउँका मानिसहरूले गीत गाएको सुनेर गीत गाउन थालेको आफ्नो अनुभवसम्बन्धी कुरालाई उसले व्यक्त गरेकी छे । त्यस्तै यस उपन्यासकी अर्को पात्र मेनकाले एउटा सानी केटीमार्फत कमाण्डिङ बालाई चिठी दिएकी छे । त्यस चिठीमा "तिमीले पनि मलाई हेर्छौ, म पनि तिमीलाई हेर्छु" ( क्षत्री, वि.सं.२०६१) भन्दै मेरो मनमा तिमीप्रति अगाध माया छ भन्ने कुरा व्यक्त गरिएको छ । उसले आफूलाई पनि कमाण्डिङ बाले अवश्य मनपराउँछन् भन्ने अनुभवलाई व्यक्त गरेकी छे । यसैले रुक्मिणी, कौशिला तथा मेनकाले कमाण्डिङ बासँग गरेको प्रेमप्रसङ्गसम्बन्धी अनुभवलाई यस उपन्यासमा साहित्यको समाजशास्त्रीय सिद्धान्त अर्न्तगतको प्रभुत्वका कारण उत्पन्न अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचना* शीर्षकको लेखको परिणामको विश्लेषण गर्ने क्रममा अगष्ट कोम्ते, अल्भिन डब्लु गोल्डनर, रिचर्ड जर्ज, जोनाथन एच्. टर्नर, डेबिड डिचेस, केन्थ थोमसन, इमाइल दुर्खिम, केन ब्राउन, जोन वटसन, रेमन्ड विलियम्स, म्याक्स बेबर, अजितकुमार सिन्हा, रिचार्ड टी. स्केफर, माइकल हरालम्बस र रबिन हेल्ड आदि समाजशास्त्रीले उल्लेख गरेका साहित्यको समाजशास्त्र अन्तर्गतको सिद्धान्तलाई अनुभूतिको संरचनामा माध्यमबाट उल्लेख गरिएको छ । प्रस्तुत लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा भारतको आसाम र गोहाटी क्षेत्रमा बसोबास गर्ने नेपाली र नेपालीतर जातिका आवेश, संवेग, यौन तथा कुण्ठाको चिरफार गर्ने कार्यलाई मुख्य रूपमा परिणामको विषय मानिएको छ । भारतको आसाम र गोहाटी क्षेत्रमा बसोबास गर्ने नेपाली र नेपालीतर जातिका आवेश, संवेग, यौन तथा कुण्ठाको चिरफार गर्ने कार्यलाई प्रस्तुत लेखको मुख्य परिणाम मानिएको छ । त्यस क्रममा त्यहाँ बसोबास गर्ने विभिन्न जातिका मान्छेले मान्ने चाडपर्व, रीतिरिवाज, संस्कृति, भेषाभूषा, लबाइखवाइ, पेसा, व्यवसाय र कला आदिले प्रभाव पारेका क्रियाकलाप उक्त उपन्यासको निचोड हुन् । यस लेखको समष्टिगत सारका रूपमा परापूर्व कालदेखि नेपालबाट भारतका विभिन्न भूभागमा बसाई सरेर गएका नेपालीले आफ्नो देशमा सांस्कृतिक मूल्य र मान्यताका पक्षलाई संवेदनशील वस्तुका रूपमा स्वीकार गरेको देखिन्छ । प्रस्तुत लेखमा भारतका गोहाटी र आसाम क्षेत्रका भूभागमा बसोबास गर्ने नेपाली र नेपालीतर समाजका व्यक्तिले जन्मदेखि मृत्युपर्यान्तसम्म अपनाएका संस्कृतजन्य कुरालाई अनुभूतिको संरचनाका मूलभूत पक्षबाट प्राप्त भएका परिणामका रूपमा लिइएको छ । यसैले प्रस्तुत लेखमा माथि उल्लेख गरिएका यिनै विषयवस्तुलाई सारकोा रूपमा रहेका मूलभूत पक्ष मान्न सकिन्छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासका पात्रका मनभित्र रहेका रिस, आवेग, संवेग, डरत्रास, यौन, कुण्ठा, दया, माया, करुणा र उपकारजन्य कुरालाई अनुभूतिको संरचनामार्फत देखाइएको छ । उक्त उपन्यासमा निहित पात्रका उतारचढाबको खोजी गरेर प्रस्तुत उपन्यासलाई अनुभूतिको संरचनाका रूपमा उल्लेख गरिएको छ । यस उपन्यासको अनुभूति भनेको यसै कृतिका आधारमा भारतको आसाम र गोहाटीमा बसोबास गर्ने नेपाली र नेपालीतर समाजका व्यक्तिका संवेदनालाई हरेक दृष्टिकोणबाट विश्लेषण गर्नु हो । उक्त उपन्यासलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा रहेको अनुभूतिको संरचनाका कोणका रूपमा अध्ययन गरिएको छ । उक्त सिद्धान्तका आधारमा यस उपन्यासका पात्रका जन्मदेखि मृत्युपर्यान्तसम्मका क्रियाकलापलाई यस लेखमा अध्ययन गरिएको छ । यस लेखको क्षेत्र साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा रहेको अनुभूतिको संरचनामा केन्द्रित रहेको छ ।

**निष्कर्ष**

साहित्यको समाजशास्त्रीय सिद्धान्तका निम्ति महत्त्वपूर्ण तत्व मानिएको अनुभूतिको संरचना भनेको उक्त अध्ययनको सैद्धान्तिक मापदण्डअन्तर्गत रहेका विचार, अनुभव एवम् संवेदनाजस्ता विषयहरूको खोजी गरी यसैको माध्यमबाट कुनै व्यक्तिको मन एवम् आत्मासम्बन्धी क्रियाकलापमार्फत कसरी संस्कृति, सभ्यता, रीतिरिवाज, भाषाप्रयोग एवम् विश्वदृष्टिसम्बन्धी धारणाजस्ता कुरालाई एकआपसमा संयोजन गराउने भन्ने कुराका बारेमा अध्ययन गर्ने पद्धति हो । उपर्युक्त सिद्धान्तअन्तर्गत रहेको अनुभूतिको संरचनाको माध्यमबाट कसरी नयाँ खाले विचार, संवेदना, भावना एवम् अनुभव जन्मन्छन् भन्ने कुराको खोजी गरिन्छ भने अर्कोतर्फ अमूर्त वस्तुको रूपमा प्रकट हुने अनुभूतिको संरचनालाई कसरी मानव समुदायले आफ्नो व्यवहारको रूपमा सिकेर प्रयोग गर्छन् भन्ने कुराको अध्ययन यसमा गरिन्छ । यसले मानव विकासको स्वभावमा अनुभूतिसम्बन्धी कुराले कुनै पनि व्यक्तिलाई कसरी प्रभाव पारेको हुन्छ भन्ने कुराको खोजी गरी कुनै समाजका व्यक्तिका सम्पूर्ण क्रियाकलापको बारेमा अध्ययन गर्दछ । कसरी कुनै साहित्यिक स्रष्टाले कुनै वस्तु तथा घटनालाई हेर्दा र त्यसबाट भावुक बन्दा तिनीहरूले एक प्रकारको संवेदना प्रकट गर्छन् भन्ने कुराको खोजी यसै सिद्धान्तमार्फत गरिन्छ भने त्यस्तो किसिमको प्रभाव परेर साहित्यिक स्रष्टाले कुनै पनि कृतिको कसरी सिर्जना गर्छन् भन्ने कुराको खोजी र अध्ययन कार्य यसबाट गरिन्छ । यसका साथै समाजबाट कसरी भावुक र संवेदनशील भएर साहित्यकारले आफ्ना साहित्यिक कृतिमा नयाँ खाले विषयवस्तुको प्रयोग गर्छन् भन्ने कुराको खोजी अनुभूतिको संरचनामार्फत गरिन्छ भने उक्त अनुभूतिजन्य अवस्थाले त्यससम्बन्धी स्वरूपको निर्धारण गर्छन् भन्ने कुराको खोजीबाट यसको अध्ययन गरिन्छ । अनुभूतिको संरचनाको वर्णन गर्दा कस्ता खाले भावनालाई मूर्त र अमूर्त वस्तु मान्ने भन्ने कुराको खोजी गरी उक्त कुराको अध्ययन गर्ने काम यसमा गरिन्छ । अतः कुनै कृतिभित्र यिनै माथि उल्लेख गरिएका अनुभूतिको संरचनासम्बन्धी सम्पूर्ण कुराको खोजी गरेर यसको बारेमा अध्ययन गरियो भने साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा अनुभूतिको संरचनासम्बन्धी सिद्धान्तको खोजी गरेर अध्ययन गरिएको कुरा पुष्टि भएको मानिन्छ । त्यसैले यस उपन्यासमा नेपाल एवम् भारतका आसाम, सिलाङ र गोहाटीका आसपासमा बस्ने नेपाली एवम् नेपालीतर जातिका र विशेषगरी उपन्यासकारको पिताको जीवनमा घटेका जन्मदेखि मृत्युसम्मका घटनामार्फत प्रकट भएका संवेदना र भावनालाई अनुभूतिको संरचनाको रूपमा प्रयोग गरिएको छ । यसरी क्षत्रीका उपन्यासमा उल्लेख गरिएका अनुभूतिको संरचनासम्बन्धी कुरालाई साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक पर्ने यसै सिद्धान्तको आधारमा प्रयोग गरिएको छ ।

**सन्दर्भसूची**

कोम्ते, अगष्ट (ई.१९७१), *सोसियोलोजिकल पर्स्पेक्टिभ्स्,* पेनगुइन बुक ।
कोम्ते अगष्ट (ई. २०००), *सोसियोलोजिकल थड,* म्याकमिलन इन्डिया लिमिटेड ।
क्षत्री, लीलबहादुर (वि.सं.२०६१), *प्रतिध्वनिहरू विस्मृतिका,* अनुराग प्रकाशन । गोल्डनर, अल्भिन।
गोल्डनर, अल्भिन डब्लु (ई.१९७१), *सोसियोलोजिकल पर्स्पेक्टिभ्स,* पेनगुइन बुक
टर्नर, जोनाथन एच्. (ई.१९८७), *द स्ट्रक्चर अफ सोसियोलोजिकल थ्यौरी,* रावत पब्लिकेसन्स ।
डिचेस, डेबिड (ई.१९८१), *क्रिटिकल एप्रोसेस टु लिटरेचर,* लङ्गम्यान ग्रुप ।

थोमसन, केन्थ एन्ड अदर्स (ई. १९७५), *सोसियोलोजिकल प्रसपेक्टिभ्स्,* ह्याजल वाटई. एन्ड भिने लिमिटेड ।

दुर्खिम, इमाइल (ई.२००३), *सोसियोलोजिस्ट अफ मोर्डनिटी,* ल्ब्याकवेल पब्लिसिङ्ग लिमिटेड ।

ब्राउन, केन (ई.२००३), *एन् इन्ट्रोडक्सन टु सोसियोलोजी पब्लिक,* ब्यालेक्सवयल पब्लिसिङ्ग ।

पाण्डेय, मैनेजर (ई.२००६), *साहित्य के समाजशास्त्र की भूमिका,* विश्वविद्यालय प्रकाशन ।

वटसन, जोन एस्. (ई.१९५८), *सोसियल प्रसेप्सन्स इन् इन्फ्यान्स इन् कन्टिङजेन्सी प्रसेप्सन्स इन् एर्ली सोसियल डेभलभमेन्ट,* न्यू जर्सी एन्ड एब्लेक्स पब्लिसिङ्ग ।

विलियम्स, रेमन्ड (ई.१९६१), *द लङ रेभ्युलेसन,* चेट्टो एन्ड विङडस् ।

वेबर, म्याक्स (ई.१९६६), एन् *इन्टिलेक्चुअल प्रोटेड,* म्याथभेन् एन्ड कम्पनी लिमिटेड ।

सिन्हा, अजितकुमार (ई. १९६२), *समाज दर्शन कि रूपरेखा* (अनु.), राजकमल प्रकाशन ।

स्केफर, रिचार्ड टी. (ई. १९८०), *सोसियोलोजी अ ब्रिफ इन्ट्रोडक्ई.,* स्ट्रेटिफिकेशन इन् द युनाइटेड स्टेट एन्ड वर्ल्डवाइड ।

हरालम्बस, माइकल एन्ड हेल्ड, रबिन (ई. २००४), *सोसियोलोजी थिम्स एन्ड प्रसपेटिभ्स,* जयसिङ रोड ।